स्थानीय सरकार

# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ (दो.) रौतहट
मधेश प्रदेश नेपाल

प.स.:-२०८३/०८४
च.नं.:- ४४६

मितिः-२०८३/०६/०८

श्री फतुवा विजयपुर नगरपालिकाको कार्यालय
लक्ष्मीनियाँ (दो.), रौतहट।

विषय:- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय गौर रौतहटको चसानी नं.२०६८ मिति २०८३/०६/०६ गतेको निर्णय कार्यान्वयन समबन्धी पत्र बमोजिम मिति २०८३/०६/०८ गते देखी मिति २०८३/०६/१२ गते सम्म उत्तर अण्डमान सागरमा विकसित न्यूनचापिय प्रणालीका कारण विकसित चक्रपातबाट भई अतिभारी वर्षा हुन सक्ने तथा त्यसबाट बाढी, डुबान, कटान, पहिरो लगायतका विपत सृजना हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै निम्न कार्यहरु गर्न गराउन हुन अनुरोध छ।

तपसिल

१. वडा भित्रका जोखिम युक्त तथा बाढी डुवान प्रभावित क्षेत्रको पहिचान गरी आवश्य पूर्व तयारी गर्ने।

२. नदि, खोला, नाला, कल्भर्ट, खाल्टो तथा पानी निकास हुने स्थान अवरोध भएमा तत्काल हटाउने व्यवस्था मिलाउने।

३. स्थानिय विपद व्यवस्थापन, स्वमसेवक, स्थानिय सुरक्षा, निकाय तथा सम्बन्धी सरोकारवालालाई तत्काल सम्पर्कमा रहने अवस्थामा राख्ने।

४ वडा तथा समुदायमा रहेको विपद व्यवस्थापनका समाग्रीहरु तथा उपकरणहरु तयारी अवस्थामा राख्ने।

५. बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती, गर्भवती महिला तथा अन्य जोखिममा रहेको व्यक्तिहरुको विषेश सुरक्षा तथा उधारको पूर्व तयारी गर्ने।

६. सम्भावित बाढी/ डुबानको जोखिममा रहेको घर परिवारलाई सचेत रहन तथा आवश्यक अवस्थामा सुरक्षित स्थानमा जान पुर्व सुचना दिने।

७. वर्षा,बाढी, डुवान तथा अन्य विषद सम्बन्धी सुचना प्राप्त भएमा वडा कार्यालय नगरपालिका विपद व्यवस्थापन शाखा सम्बन्धित सुरक्षा निकायमा तत्काल जानकारी गराउने।

८. स्थानिय तथा संचार माध्यम, माईकिङ्ग समाजिक सन्जाल तथा अन्य माध्यमबाट पूर्व सुचना तथा जनचेतना मूलक सन्देश व्यापक रुपमा सम्प्रेषन गर्ने।

०८३/०६/०८

प्रमोद कुमार गुप्ता
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री १ देखी ११ नं. वडा कार्यालयहरु सबै।

श्री १ देखी ११ नं. वडाका सबै स्वास्थ्य संस्थाहरुः।

श्री १ देखी ११ नं. वडाका सबै विधालयहरु

श्री श्री ईलाका प्रहरी कार्यालय,फतुवा विजयपुर, रौतहट।

श्री सशस्त्र बेश क्याम्प फतुवा विजयपुर रौतहट।

श्री सुचना प्राबिधि फतुवा विजयपुर,नगरपालिका रौतहट बेबसाईटमा अपलोड गरि दिनुहुन।